सूचना एवम् जन सम्पर्क विभागको वेबसाइट
www.ipr.sikkim.gov.in

# सिक्किम हेरल्ड

Postal Regd. No: WB/SKM/01/13

वर्ष ५३ | गान्तोक, (शुक्रबार) ४ सेप्टेम्बर , २०२० | अङ्क २३

## पूर्व राष्ट्रपति प्रणव मुखर्जीको निधन

### देशमा सात दिवसीय राजकीय शोक



भारतका पूर्व राष्ट्रपति प्रणव मुखर्जीको ३१ अगस्तको दिन निधन भएको छ। उहाँ ८४ वर्षको हुनुहुन्थ्यो। पूर्व राष्ट्रपतिको निधनमा सात दिवसीय राजकीय शोकको घोषणा गरेको छ। सिक्किम सरकारका मुख्य सचिवले पनि राष्ट्रपतिको सम्मानमा ३१ अगस्तदेखि ६ सेप्टेम्बरसम्म राजकीय शोक पालन गर्ने अधिसूचना जारी गरिएको छ। यस अवधि कुनै प्रकारको आधिकारिक उत्सव आयोजना गरिने छैन भने राष्ट्रिय झण्डालाई आधार झुकाएर राखिनेछ। स्व. प्रणव मुखर्जीको जन्म पश्चिम बङ्गालको मिराती गाउँमा ११ दिसम्बर १९३५ मा भएको थियो।

उहाँले कोलकोत्ता विश्वविद्यालयबाट राजनीतिशास्त्रमा स्नाकोत्तर गर्नुभयो। उहाँले कोलकोत्ताको विद्यानगर कलेजमा राजनीतिशास्त्रका व्याख्यताको रुपमा पनि काम गर्नुभयो।

उहाँको राजनीतिक यात्रा १९६९ मा भएको थियो। १९६९ मा उहाँलाई राज्यसभाको निम्ति मनोनित गरियो। स्वर्गीय प्रणव मुखर्जीले भारतको १३औं राष्ट्रपतिको रुपमा २०१२ देखि २०१७ सम्म पदमा रहेर कार्य गर्नुभयो।

## पूर्व राष्ट्रपतिको निधनमा राज्यपाल अनि मुख्यमन्त्रीद्वारा शोक प्रकट





गत ३१ अगस्त २०२० को अपरान्ह पूर्व राष्ट्रपति प्रणव मुखर्जीको ८४ वर्षको उमेरमा निधन भएको छ। उहाँ केही समय अघिदेखि बिरामी हुनुहुन्थ्यो। उहाँले भारतको १३औं राष्ट्रपतिको रुपमा २०१२ देखि २०१७ सम्म रहेर कार्य गर्नुभयो। उहाँको निधनमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीले शोक प्रकट गर्नुभएको छ। यसरी नै पूर्व राष्ट्रपतिको निधनमा राज्यपाल गंगा प्रसादले गहिरो शोक प्रकट गर्नुभएको छ। राज्यपालले शोक सन्देशमा पूर्व राष्ट्रपतिको निधनले आफू स्तब्ध बनेको उल्लेख गर्नुहुँदै उहाँको निधन राष्ट्रको लागि अपूरणीय क्षति हो, देशले एउटा महान सपूत गुमाएको छ जसले राष्ट्रहितमा सेवा पुऱ्याएको थिए भन्नुभएको छ। शोक सन्देशमा राज्यपालले थप भन्नुभएको छ कि पूर्व राष्ट्रपति भारतको लोकप्रिय राष्ट्रपति थिए, जननीतिको क्षेत्रमा एक अनुभवी व्यक्तिको रुपमा सम्झना गरिनेछ, उहाँले समर्पित भएर राष्ट्रलाई सेवा पुऱ्याएका थिए। उहाँले राष्ट्रलाई पुऱ्याएको योग्दान र सेवा सदैव सराहनीय रहनेछ। उहाँको आत्मको चीर शान्तिको लागि ईश्वरसित प्रार्थना गर्दछु, उहाँको शोकाकूल परिवारलाई

*रहल पृष्ठ २ मा....*

## राज्यपालद्वारा अखिल भारतीय वैशाख महासंघको भर्चुअल मोड बैठकमा उपस्थिति



राज्यपाल श्री गंगाप्रसादले अखिल भारतीय वैशाख महासंघको भर्चुअल मोड मार्फत राष्ट्रिय कार्यकारी बैठकमा उपस्थिति जनाउँनुभयो। उक्त बैठकको अध्यक्षता अखिल भारतीय वैश महासंघका राष्ट्रिय अद्यक्ष तथा पूर्व सांसद् डा. गिरीशकुमार सिंघीले गर्नुभएको थियो। बैठकमा राज्यपालले महासम्मेलनमा उपस्थित सबैलाई हार्दिक स्वागत जनाउँनुहुँदै सबैलाई समाज अनि देशको विकासको निम्ति कार्य गर्ने आग्रह गर्नुभयो। उहाँले कोभिड–१९ महामारीविरुद्ध लड्न सबै प्रोटोकलहरु पालन गर्नुपर्ने कुरा उल्लेख गर्नुभयो। उक्त बैठकमा वैश समुदायका प्रतिष्ठित व्यक्तिहरुले वैश समुदायका सामाजिक, आर्थिक साथै अन्य विषयहरुमा व्यापक छलफल गरियो।

## नाम्चीमा राष्ट्रिय खेल दिवस सम्पन्न

### खेल कोटाको आरक्षण २ प्रतिसतबाट बढ़ाएर ५ प्रतिशत गर्ने मुख्यमन्त्रीको घोषणा



गत २९ अगस्तको दिन दक्षिण जिल्ला प्रशासनको तत्परता अनि राज्यको खेल तथा युवा मामिला विभागको आयोजनामा नाम्चीमा राष्ट्रिय खेल दिवस कार्यक्रम आयोजना गरियो। मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको मुख्य आतिथ्यमा आयोजित कार्यक्रममा खेल तथा युवा मामिला बिभागका मन्त्री श्री कुञ्जा निमा लेप्चा, पर्यटन विभाग मन्त्री श्री बीएस पन्त विशिष्ट अतिथि रहनुभएको थियो।

राष्ट्रिय खेल दिवस कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले सम्पूर्ण खेलाड़ीहरूलाई बधाई तथा शुभकामना ब्यक्त गर्नुभयो। उहाँले राज्यलाई प्रतिनिधित्व गर्दै राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरसम्म पुगेर आफ्नो खेल

*रहल पृष्ठ ३ मा....*

## मुख्यमन्त्रीद्वारा गेजिङमा ऋणमार्फत विकास योजनाको उद्घाटन



**गेजिङ, २८ अगस्त।** पश्चिम सिक्किमको गेजिङमा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ्ले ऋणमार्फत् विकास योजनाको उद्घाटन गर्नुभयो। यस योजनाअन्तर्गत कृषकहरूलाई विभिन्न कृषि ऋण प्रदान गरिने प्रावधान रहेको छ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै कृषि विभाग मन्त्री लोकनाथ नेपालले कृषि किसान र राज्यको आर्थिक अवस्था सुदृढ पार्ने उद्देश्य लिएर उक्त ऋण मेला आयोजना गरिएको हो भन्नुभयो। सिक्किमको ७० प्रतिशत जनसंख्या कृषि क्षेत्रसँग जोडिएको हुनाले राज्यका कृषकहरुलाई कृषि क्षत्रमा सशक्त बनाउँन ऋण योजना

*रहल पृष्ठ ३ मा....*

# नाम्चीमा कृषि ऋण मेला आयोजित



दक्षिण जिल्लास्थित नाम्चीमा कृषि ऋण मेला आयोजना गरियो। उक्त ऋण मेलाको आयोजना कृषि,बागवाणी अनि पशुपालन विभागद्वारा लीड ब्याङ्क,नार्बाड र आरबीआईसितको समन्वयमा गरिएको थियो। उक्त अवसरमा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ मुख्य अतिथिको रुपमा उपस्थित रहनुभएको थियो भने मुख्यमन्त्रीका साथमा कृषि बागवानी अनि पशुपालन मन्त्री लोकनाथ शर्मा, पर्यटन अनि वाणिज्य तथा उद्योग विभाग मन्त्री बी.एस पन्त अध्यक्ष सल्लाहकार, विधायक,जिल्ला अध्यक्ष, जिल्ला पञ्चायत र मुख्यमन्त्री कार्यलयका अधिकारीहरू दक्षिण जिल्लाका जिल्लापाल रघुल के, डीआईजी (रेञ्ज) प्रवीण गुरूङ, मुख्यमन्त्रीका सचिव एस.डी ढकाल, आरबीआईका महाप्रबन्धक रबीन्द्र साङवाई, नार्बाड सिक्किम क्षेत्रीय कार्यालयका महाप्रबन्धक दीवाकर होडगे र बिभागीय सचिवहरू लगायत कृषकहरुको उपस्थिति रहेको थियो।

उक्त अवसरमा कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्रीले दक्षिण सिक्किमका लाभार्थीहरूलाई क्रेडिटमार्फत विकास कार्यक्रमको चरण १ अन्तर्गत १३ करोड़ रूपियाँ आवण्टन गरिएको घोषणा गर्नुभयो। कृषकमुखी ऋण कार्यक्रम ग्रामीण अर्थतन्त्रलाई गति दिने उद्देश्यमा तयार पारिएको अनि कृषि क्षेत्रलाई विभिन्न वित्तिय संस्थानहरूमार्फत वित्तीय उधारो (ऋण) दिएर विविध रूपरेखासितै आर्थिक सहयोग पेश गरिने र यसले सिक्किमभरिका कृषकहरूलाई



लाभ पुऱ्याउने कुरा मुख्यमन्त्रीले बताउनुभयो। मुख्यमन्त्रीले लार्भार्थीहरूलाई ऋण सदुपयोग गर्ने आग्रह गर्नुभयो। मुख्यमन्त्रीले कृषकहरूलाई ऋण लिए पश्चात योजना बनाई निवेश गर्ने अनि आफ्नो व्यवसायलाई चालू–राख्ने परामर्श सुझाउ दिनुभयो। उहाँले कृषि अभ्यासमा संलग्न मानिसहरूलाई ऋणमा न्युनतम कागजात औपचारिकता पूरा गर्नुपर्ने र यस कार्यक्रमले फसल बीमामा साथै ब्याज भुक्तानमा कृषकहरूलाई अनुदान पनि दिने जानकारी दिनुभयो। उहाँले भन्नुभयो, कृषि–प्रविधि नवोद्यमीहरूको निम्ति ग्रामीण आजीविकामा बढ़ोत्तरी गर्न अनि जलवायुको अनिश्चितता र पारम्परिक कृषि अभ्याससित सम्बन्धित लागत कम गर्न अपार सम्भव्यता छ। मुख्यमन्त्रीले सिक्किमका युवावर्गलाई कृषि, बागवानी अनि पशुपालनलाई विशेषता दिएर स्वनिर्भर बन्ने प्रोत्साहन प्रदान गर्नुभयो। भविष्यमा गएर यी क्षेत्र तपाईहरूको न्ति लाभप्रद हुनेछ, मुख्यमन्त्रीले भन्नुभयो।

मुख्यमन्त्रीले सिक्किमको स्वास्थ्य क्षेत्रबारे उल्लेख गर्दै केही घोषणाहरू गर्नुभयो। सिक्किमका धेरै मानिसहरू मिर्गौलाको रोगी देखिएको हुनाले राज्य सरकारले महकुमा स्तरमा डायलाइसिस केन्द्रहरू स्थापना गरिने घोषणा गर्नुभयो। उहाँले गेजिङ र नाम्चीका जिल्ला अस्पतालहरूमा स्थापित डायललेसिस एकाईहरू ठूलो संख्यामा यस्ता

*रहल पृष्ठ ४ मा....*

## पूर्व राष्ट्रपति....

सम्वेदना व्यक्त गर्दछु।

पूर्व राष्टपति् प्रणव मुखर्जीको निधनमा मुख्यमन्त्री प्रेमसिंह तामाङले पनि गहिरो शोक व्यक्त गर्नुभएको छ। उहाँले शोक सन्देशमा स्व.मुखर्जी १९६९ मा राज्य सभामा कंग्रेसको टिकटबाट जित हासिल गरेर राज्यसभा सांसद बनेको बताउँनुहुँदै भारतीय राजनीतिक इतिहासमा पाँच दशकसम्म समय बिताएको उल्लेख गर्नुभएको छ। स्व.राष्ट्रपतिले भारतका विभिन्न क्षेत्रमा मन्त्री बनेर कार्यभार सम्हाल्नुभयो। उहाँलाई गत वर्ष देशको प्रतिष्ठित भारत रत्न पुरस्कार प्रदान गरिएको थियो। उहाँको शोकाकूल परिवारप्रति सम्वेदना प्रकट गर्दै उहाँको आत्मको चीर शान्तिको लागि प्रार्थना गर्दछु भनी शोक सन्देशमा भन्नुभएको छ।

# *कोविड १९ प्रकोपको समयमा सुरक्षाको निम्ति प्रतिरोधात्मक क्षमता बढाउने उपायहरु*

कोविड १९– को प्रकोपको कारण आज विश्वभरी मानिसहरु पीडित छन्। यस्तो विकट स्थितिमा प्रकृतिक रक्षा प्रणाली **(immunity)** बढाउनले शरीरलाई स्वास्थ्य राख्न् महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। हामी सबैलाई ज्ञात भएकै कुरा हो कि रोकथाम नै उपचार भन्दा उत्तम हो । कोविड १९ को निवारणको निम्ति अहिलेसम्म कुनै दवाई अनि खोपहरु विकसित भएको छैन, तसर्थ यस प्रकोपबाट बाँच्नको निम्ति निवारक उपायहरु अप्नाउन सके राम्रो हुनेछ।

आयुर्वेद जीवनको विज्ञान भएकोले सुस्वास्थ्य र आनन्दित जीवनको निम्ति प्रकृतिक वरदानको प्रचार गर्दछ। आर्युवेदले सुस्वास्थ्य जीवनको निम्ति रक्षात्मक हेरचाहको अवधारण दिनचार्य–दैनिक नियम ऋतुचार्य–मौसमी नियमबाट लिएको हो। यो वनस्पति आधारित विज्ञान हो। प्रत्येक व्यक्तिले आफ्नो प्रतिरोधात्मक क्षमताको विकास गरे पश्चात मात्र स्वसचेतना, स्वजागृत अनि स्व–सामञ्जस्यता कायम राख्न् सक्ने कुरा आर्युवेदिक शास्त्रीय शास्त्रमा जोर दिएको छ।

आयुष मन्त्रालयले श्वासप्रश्वास स्वास्थ्यलाई विशेष सन्दर्भ गर्दै रक्षात्मक स्वास्थ्य उपायहरु र प्रतिरोधात्मक क्षमता बढाउनको निम्ति निम्नलिखित निर्देशनहरु जारी गरेको छ। यो स्वास्थ्य रक्षाका उपायहरु आर्युवेद साहित्य अनि वैज्ञानिक प्रकाशनहरुद्वारा समर्थित छन्।

### साधारण उपायहरु

१ दिनभरी तातो पानी पिउने।

२ नियमित योगासना, प्रणायम गर्ने अनि आयुष मन्त्रालयद्वारा दिएको सुझाउ अनुसार ३० मिनट ध्यान गर्ने।

३ हल्दी, जीरा, धनिया अनि लसुन जस्ता मसलाहरु खानामा प्रयोग गर्ने।

आर्युवेदिक रोग प्रतिरोधात्मक क्षमता बढाउने उपायहरु

१ बिहान दैनिक रुपमा एच चमच्च च्यवनप्राश खाने। मधुमेहको रोगीहरुले चिनीमुक्त अथवा शुगरफ्री च्यवनप्रश लिनुपर्ने,

२ दिनमा एक दुईपल्ट हर्बल चिया पिउने अनि तुलसी, दालचिनी, कालोमरिच, सुखा अदुवा अनि मुनाक्काले बनाएको काढा पिउने। स्वाद बढाउनको निम्ति गुँड अनि निम्बुको रस प्रयोग गर्न सकिनेछ।

३ १५० एम.एल गरम दूधमा आधा चमच्च हल्दी मिलाएर दिनमा एक अथवा दुईपल्ट पिउने।

### सरल आयुर्वेदिक उपायहरु

१ बिहान अनि बेलुकी नाकको दुवैवटा प्वालमा तिलको तिल अथवा नरीवलको तेल अथवा घीउ लाउने।

२ एक चमच्च तिल अथवा नरिवलको तेल मुखमा हाल्ने, यसलाई नपिएर मुखमा दुई तीन मिनट राखेर फ्याँक्ने, यसपश्चात मन तातो पानीले मुख पखाल्ने। यो प्रकृया दिनमा एक अथवा दुईपल्ट गर्न सकिनेछ।

### सुखा खोकी अथवा घाँटी दुखेमा

१ दिनमा एक पल्ट पुदिनाको पात अथवा अजवाइन पानीमा उमालेर पानीको भाप लिने।

२ सुखा खोकी अनी घाँटी दुखेमा ल्वाङ अनि गुँड अथवा मह मिलाएर दिनमा दुई अथवा तीनपल्ट जति पिउने

यी उपायहरुले विशेष गरी सुखा खोकी अनि घाँटी दुखेकोमा आराम दिँदछ। तथापि लक्ष्ण गम्भीर रहेमा डाक्टरकोमा जाँच गराए उत्तम हुनेछ।

माथिका उपायहरू व्यक्तिको सुविधाअनुसार सम्भव हदसम्म अनुसरण गर्न सकिन्छ। यी उपायहरूले संक्रमण रोक्नको निम्ति व्यक्तिको प्रतिरोधात्मक क्षमता बढाउने हुनाले देशभरीका प्रतिष्ठित वैद्यहरू क्रमैले पद्म श्रीवैद्य पी.आर कृष्णकुमार, कोयमबटुर, पद्म भूषण वैद्य देवेन्द्र त्रिगणा, दिल्ली, वैद्य पी.एम. वरियर, कोटाक्कल, वैद्य जयन्त देवपूजारी, नागपूर, वैद्य विनयय वेलामर, थाने, वैद्य बी.एस.प्रसाद, बेलगाम, पद्मश्री वैद्य गुरदीप सिंह, जामनगर, आर्चाय बालकृष्णाजी, हरिद्वार, वैद्य एम.एस बाघेल, जयपूर, वैद्य आर.बी. द्वीवेदी, हरदोइ युपी, वैद्य के.एन.द्वीवेदी, वाराणसी, वैद्य राकेश शर्मा, चन्दीगढ, वैद्य अभिचल चिट्टोपाध्याय, कोलकोता, वैद्य तनुजा नेसारी, दिल्ली, वैद्य सञ्जीव शर्मा, जयपूर, वैद्य अनुप थाकर, जामनगर आदिको सुझाउ अनुसार सिफारिश गरिएको हो।

अस्वीकरण– माथि उल्लेखित रक्षात्मक सुझाउहरुले कोभिड १९–को उपचारको दावी गर्न सक्दैन।



मुख्यमन्त्रीद्वारा गेजिङमा ..............



शुरु गरेको थप जानकारी दिनुभयो। यसले राज्यको सकल घरेलु उत्पादमा वृद्धि हासिल गर्नका साथै कृषि क्षेत्रलाई प्रोत्साहित गर्ने कुरा बताउँनुभयो। उक्त अवसरमा मुख्यमन्त्रीले पश्चिम जिल्लाका लाभान्वितहरूलाई अनुमोदित प्रसंस्कृत ऋण वितरण गर्नुहुँदै राज्य बाहिरका उच्च श्रेणीका होटलहरूमा जैविक सिक्किम उत्पादको बढ्दो माग रहेको अवगत गराउनुभयो। उहाँले किसानहरूको कृषि उत्पाद वृद्धि गर्न आर्थिक सहयोग लिन प्रोत्साहित गर्ने राज्य सरकारको पहलको सराहना गर्नुभयो।

उहाँले ब्याङ्कहरूले ऋण शिविर पनि शुरू गरेका छन र दिगो जीविकोपार्जनका लागि कृषि क्रिया कलापममा लाग्न चाहने बोरोजगार युवाहरूमा वित्तीय साक्षरका अभिवृद्धि गर्न ब्याङ्करहरूले विशेष पहल गरेका छन् भन्नुभयो। उहाँले कृषि क्रेडिट कार्ड योजना, मुद्रा ऋण योजनालगायत कृषि क्षेत्रमा वित्तीय सहयोगका लागि ब्याङ्कले प्रदान गरेका विभिन्न योजनाहरूबारे अवगत गराउनुभयो।

मुख्यमन्त्रीले कृषिसँग सम्बन्धित क्षेत्रहरू ग्रामीण अर्थतन्त्रको निम्ति मुख्य एवं आधारभूत श्रोत रहेको बताउनुभयो।।

विशेष गरी बागवाणीसँग किसानहरूको अर्थतन्त्रको वृद्धि गर्ने ठूलो सम्भावना रहेको, पहाड़ी राज्यको कृषि जलवायु, फुलहरू लगायत धेरै किसिमका वाणिज्य बालीहरूको खेतीका लागि धेरै उपयुक्त छ हुन्छ भनी उहाँले बताउँनुभयो। उहाँले कृषकहरुलाई आधुनिक तक्निकी र वैज्ञानिक तरिकाले खेति गर्न समयको माग रहेको छ अवगत गराउँनुभयो। मुख्यमन्त्रीले कृषि क्षेत्रको विकासको निम्ति कृषि ऋणले महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउँनुभयो। कृषकहरूलाई बीउ, उपकरण साथै खेत बारीमा श्रम संलग्न गराउन साथै इनपुटहरू पुऱ्याउन कोषको आवश्यकता रहने मुख्यमन्त्रीले बताउनुभयो।

किसान क्रेडिट कार्ड कृषि ऋण वितरणको लागि एक प्रभावकारी उपकरण हो।

लीड ब्याङ्कहरूसँग उपलब्ध डाटाका अनुसार केसीसी मार्फत हालसम्म स्वीकृत ऋणको कुल रकम ९० करोड पुगेको छ भने यसले ११ हजार ३ लाभार्थीलाई लाभान्वित गरिसकेको छ। यसरी राज्यमा ऋण लिएर कृषिका निम्ति उपयोग गर्नेको संख्या अझ वृद्धि हुने सम्भावना देखिन्छ। वर्तमान सरकारले सबै ब्याङ्कहरूलाई साझा मञ्चमा ल्याउन र राज्यमा ऋण वितरण संयुन्त्रको सुदृढ़ीकरणको लागि सक्रिय पार्ने चौतर्फी पहल गरिरहेको मुख्यमन्त्रीले बताउनुभयो।

पश्चिम जिल्लामा स्वीकृत ऋणको प्रतिशतमा दुग्ध उत्पादनमा ५२ प्रतिशत, कुखुरा पालनमा ९ प्रतिशत, सुँगुर पालनमा १३ प्रतिशत, केसीसीमा २३ प्रतिशत, कृषि व्यवसाय ३ प्रतिशत र ७४ प्रतिशत ऋण पशुपालन क्षेत्रमा अनुमोदन गरिसकिएको छ।

मुख्यमन्त्रीले कोभिड–१९ को कारण विकासको गति एक वर्ष पछि परेको बताउनुभयो। मुख्यमन्त्रीले वर्तमान सरकारले स्वास्थ्यको क्षेत्रमा धेरै विकास गरेको उल्लेख गर्नुहुँदै तीन महिनाभित्रमा टेस्टिङ ल्याब, डाइलिसिस केन्द्रको स्थापना स्वास्थ्य क्षेत्रमा प्राप्त ठूलो उपलब्धी हो भन्नुभयो। उक्त अवसरमा मुख्यमन्त्रीले तिमी तार्कुमा सिक्किम राज्य विश्वविद्यालय निर्माण गर्ने घोषणा पनि गर्नुभयो।

२०२३ भित्रमा २० हजार युवाहरुलाई आईटीको क्षेत्रमा रोजगार दिने सरकारको भावी योजना रहेको साझा गर्नुभयो। उहाँले राज्यका विभिन्न स्थानमा सडक निर्माण गर्ने ५ सय करोडको काम आगामी दशैअघि नै टेण्डर गर्ने जानकारी दिनुभयो।

उक्त अवसरमा कृषि विभाग मन्त्री लोकनाथ नेपाल, मन्त्री एमएन शेर्पा, विधायक आदित्य गोले, सुनिता गजमेर, मुख्यमन्त्रीका राजनीतिक सचिव र गोपनीय सचिव विभिन्न विभागका सल्लाहकार, अध्यक्षगण, कृषकहरुको उपस्थिति रहेको थियो।

# सिक्किममा कोभिड–१९ प्रबन्धनको सम्बन्धमा आयुषको भूमिकाबारे वेबिनार आयोजित

## *सूचना एवं शिक्षा अभियानको माध्यमद्वारा आयुष सिक्किम मिशनले रोकथाममूलक उपाय प्रोत्साहित गरिरहेको छ : डा. केसी भोटिया*

गान्तोक, २७ अगस्त, २०२० भारत सरकारको सूचना एवं प्रसारण मन्त्रालय अन्तर्गत क्षेत्रीय लोक सम्पर्क कार्यालय (आरओबी), सिलगढी तथा स्थलगत लोक सम्पर्क कार्यालय, गान्तोकद्वारा संयुक्त रूपमा कोभिड–१९ को प्रबन्धनमा आयुषको भूमिकाबारे वेबिनार आयोजन गरियो। वेबिनारमा प्रतिभागीहरूलाई स्वागत जनाउँदै पीआइबी एवं क्षेत्रीय लोक सम्पर्क कार्यालयकी एडीजी सुश्री जेन नाम्चूले यस महामारीको स्थितिमा बद्लिँदो नियमावलीसँगै के गर्ने अनि के नगर्ने विषयमा पनि परिवर्तन आइरहेको हुँदा ती सबै कुराबारे जनसाधारणलाई पनि सजग अनि सचेत गराउन आवश्यक रहेको बताइन्। यसै कारण यस प्रकारको वेबिनार नियमित रूपमा आयोजन गरी विषयलाई सम्बोधित गर्ने प्रयास चलिरहेको उनले बताइन्।

वेबिनारलाई सम्बोधित गर्दै आयुष सिक्किम मिशनकी राज्य कार्यक्रम अधिकारी एवं संयुक्त निर्देशिका डा. कर्मछादेन भोटियाले यस कोरोना महामारीले फैलाएको त्रास अनि भयबाट जनसाधारणलाई राहत दिलाउन व्यापक सूचना एवं शिक्षा अभियान चलाइरहेको जानकारी दिइन्।

सिक्किममा आयुष केन्द्रहरूलाई एकान्तबास केन्द्रमा परिणत गर्नका अतिरिक्त शरीरको प्रतिरोधक क्षमता बढाउन स्थानीय रूपमा पाइने वस्तुहरूको उपयोगका साथै तनाउको व्यवस्थापन विधिबारे जनसाधारणलाई जागरूक गराउने पहल आयुष सिक्किमले गरिरहेको जानकारी पनि उनले दिइन्। सिक्किममा आयुष मिशन सोझै संलग्न नभए तापनि आयुषको दिशानिर्देशमा निर्दिष्ट प्रतिरोध क्षमता बढाउने सामग्री राज्यको निषेध क्षेत्रमा वितरण गरिरहेको डा. भोटियाले अवगत गराइन्।

आयुर्वेद चिकित्सा प्रणालीमा उपलब्ध विभिन्न रोकथाममूलक उपायका साथमा क्वाँतहरूबारे जानकारी दिँदै क्षेत्रीय आयुर्वेद शोध संस्थानका सहायक निर्देशक डा. श्रीप्रकाशले नित्य दिनचर्या पालन गर्नका साथमा प्रशस्त मात्रामा मनतातो पानी पिउनाले सङ्क्रमणको खतरा धेरै घटाएर लैजाने जानकारी दिए। यसका साथै दैनिक आधा घण्टा जस्तो योग तथा प्राणायाम गर्नका अतिरिक्त पर्याप्त मात्रामा सामान्य रूपमा घरमा प्रयोग गरिने मसलाहरू उपयोग गर्दा पनि प्रतिरोधक क्षमता बढाउन मद्दत मिल्ने उनले बताए।

यसै गरी यहाँ प्रशस्त मात्रामा पाइने जडीबुटीको समुचित उपयोगबारे जनसाधारणलाई जागरूक गराउँदै यसलाई बढावा दिइए, यसले राज्यको अर्थनीतिका साथै जनमानसको स्वास्थ्यलाई टेवा पुऱ्याउने उनले आशय व्यक्त गरे। सिक्किममा क्षेत्रीय आयुर्वेद शोध संस्थानको मुख्यालयका अतिरिक्त ६ वटा उप–केन्द्रले राज्यमा जागरूकता फैलाउनका साथै प्रतिरोधक क्षमता बढाउने आयुर्वेद औषधिहरू व्यापक रूपमा वितरण गरिरहेको पनि डा. श्रीप्रकाशले जानकारी दिए।

युथ डेभेलपमेन्ट सोसाइटी अव् सिक्किमका कार्यकारी सचिव मणिकुमार गुरुङले यस अवसरमा राज्य प्रशासनका साथै नागरिक समाजका अन्य सदस्यहरूसँग मिलेर यस महामारीको स्थितिमा जनजागरूकता फैलाउन गरिएको कामबारे आफ्नो अनुभव साझा गरे।

वेबिनारको सञ्चालन समय दैनिकका सम्पादक दिल्लीराम दुलालले गरेका थिए भने अन्त्यमा धन्यवाद ज्ञापन स्थलगत लोक सम्पर्क कार्यालयका लोदेन लेप्चाले प्रस्तुत गरे। यस वेबिनारमा राज्यका पत्रकार अनि एनजीओका सदस्यहरूका अतिरिक्त पत्र सूचना कार्यालय तथा क्षेत्रीय लोक सम्पर्क कार्यालयका स्थल अधिकारीहरूले पनि सहभागिता जनाए। (पीआइबी)

# उत्कृष्ट कार्य गर्ने अग्रिम पंक्तिका योद्धाहरूका निम्ति कोभिड वारियर पुरस्कार घोषित

पूर्व जिल्ला प्रशासनले यस जिल्लामा विगत फरवरी महिनादेखि कोभिड १९–विरूद्धको लडाईमा रहेर उत्कृष्ट सेवा पुर्याइरहेका अधिकारी, कर्मचारी तथा अग्रिम पंक्तिका योद्धाहरूका निम्ति कोभिड वारियर पुरस्कार २०२०–को घोषणा गरेको छ। राज्यका जनसाधारमको सुरक्षाको निम्ति गरेको उनीहरुको उदाहरणीय कार्यको सम्मानमा यो पुरस्कारको घोषणा गरिएको हो।

उनीहरूको हिम्मत, निस्वार्थता अनि एकाग्रताले मानिसहरूको आसा र राज्यको क्षमता उच्च अनि अक्षुण्ण रहेको कुरा सुनिश्चित गरेको छ। योद्धाहरूले मानिसहरूको सुरक्षा र स्वास्थ्यको सुनिश्चित गर्न आफूलाई ठूलो जोखिममा राखेका छन्। जिल्ला प्रशासनले यी अधिकारी अनि कर्मचारीहरूलाई जाँच केन्द्र, कोभिड केयर सेन्टर, एकान्तवास केन्द्र, गृह एकान्तवास निगरानी टोली, चालकहरूका निम्ति ट्रान्जिट शिविर, थुनिएका अनि राज्य वापस आउनेहरूको परिवहन सेवा, आवश्यक खाद्यान्नको आपूर्ति, फोहोर प्रबन्धन, कानून अनि व्यवस्था कायम गर्न आदि जस्ता विभिन्न गतिविधिमा व्यस्त गराएको थियो। यी गतिविधिमा व्यस्त अधिकारी अनि कर्मचारीहरूमध्ये उत्कृष्ट कार्य गर्नेहरूलाई कोभिड वारियर पुरस्कार २०२०–का निम्ति चयन गरिएको छ। सिक्किमका मुख्यमन्त्रीको उपस्थितिमा चाँड़ै आयोजन गरिने सम्मान कार्यक्रममा यो पुरस्कार प्रदान गरिनेछ।



# राज्यका सबै शैक्षिक संस्थानहरु ३० सेप्टेम्बरसम्म बन्द रहने

गत ३१ अगस्तको दिन राज्यका मुख्य सचिव श्री एससी गुप्ताको अध्यक्षतामा राज्य कार्य दलको बैठक सम्पन्न भयो। बैठकले आउँदो ३० सेप्टेम्बरसम्म अघिल्लो दिशा निर्देश जारी नभइञ्जलसम्मको लागि राज्यका सबै शैक्षिक संस्थानहरु बन्द राखिने निर्णय लिएको छ। उल्लेख्य, केन्द्र सरकारको गृह मन्त्रालयले हालै जारी गरिएको दिशानिर्दशनमा सेप्टेम्बर महिनाको अन्तसम्म सबै शेक्षिक संस्थानहरु बन्द राखिनुपर्ने घोषणा गरिसकेको छ।

यस अघि स्कूल अनि कलेजका प्रमुख, प्रोफेसर, शिक्षक तथा अशिक्षण कर्मचारीहरुलाई १ सेप्टेम्बरदेखि उनीहरुको कार्यस्थानबाट डिजिटल अनि अफलाइन क्लासहरु सञ्चालन गर्ने आदेश जारी गरिसकेको थियो। यस विषयमा पनि राज्य कार्य दलको बैठकमा छलफल गरियो। बैठकमा कोरोना संक्रमित ठाउँहरुमा भने शिक्षकहरु ड्युटीमा जानदेखि छूट दिएको छ। १ सेप्टेम्बरदेखि संस्थानका प्रमुखहरुले शिक्षक तथा कर्मचारीहरुको सुविधालाई ध्यानमा राखेर निगरानी गर्नसक्न अनि अनलाइन अफलाइन लर्निङ, होम स्कूलिङलाई शिक्षकहरुले आ-आफ्नो कार्यस्थलबाटै निरन्तरता दिनुपर्ने साथै आवश्यक सुझाउ र परामर्शहरु दिइनुपर्ने आदेशमा उल्लेख गरिएको छ। कर्मचारीहरुले ड्युटीमा अवधिमा कोभिड-१९ को प्रोटोकलहरु पूर्णरुपमा पालन गर्नुपर्नेबारे निर्देश गरिएको छ। यस अतिरिक्त प्रत्येक शिक्षक शिक्षिकाहरुले सुरक्षाका सबै उपायहरु र दिशानिर्देशनहरुलाई अङ्गीकार गरिनुपर्नेछ। २१ सेप्टेम्बरदेखि भने टिचिङ अनि ननटिचिङ स्टाफहरु संस्थानहरुमा ५० प्रतिशत ड्युटीमा रहनुपर्ने साथै वैक्लिपक व्यवस्था मिलाएर ड्युटी गर्नुपर्नेछ। भारत सरकारको स्वास्थ्य हेरचाह एवं कल्याण विभागद्वारा जारी गरिएको एसओपीलाई पालन गर्नुपर्नेछ।

नवौं श्रेणीदेखि बाह्रौं श्रेणीसम्मका विद्यार्थीहरु उनीहरुको अभिभावक अनि गृह मन्त्रालयको एसओपीको सुझाउ आधारमा आफ्नो शिक्षकबाट सुझाव र मार्गनिर्दशन लिन स्कूलमा २१ सेप्टेम्बरदेखि कहिलेकाहीं उपस्थित हुन सकिने निर्देशन रहेको छ। यो सुविधा कन्टेन्मेन्ट जोनमा लागू गरिने छैन। राज्य कार्यदलको बैठकमा भारत सरकारद्वारा अनलक ४ को गाइडलाइन्समाथि व्यापक चर्चापरिचर्चा गरियो। राज्यका शैक्षक संस्थानहरु खोलाउनुपर्ने, वाहनहरुको अड इभन फर्मूलामा चलाचल, क्वरन्टेनको अवधि, रेपिट एन्डीजेन टेस्ट गर्ने प्रक्रिया सहजता, इन्टरस्टेट वाहन चलालल, राज्य प्रवेश गर्नेहरुलाई राखिनुपर्ने क्वरन्टेन अवधि आदि विषयहरुमा व्यापक चर्चा परिचर्चा गरियो।

# पश्चिम जिल्लामा सबै स्कूललाई डिजिटल सुविधाले लैस गरिने



कोभिड-१९ महामारीको कारणले शिक्षा क्षेत्रलाई व्यापक मात्रमा असर पारेको छ। विद्यार्थीहरूका लागि भर्चुअल तरिकामा शिक्षाको पहुँच सुनिश्चित गर्न पश्चिम सिक्किमका विद्यालयहरू पूर्ण रूपमा डिजिटल गरिने उद्देश्य लिएर पश्चिम जिल्लाको जिल्ला पञ्चायतको सभागृहमा कार्यशाला आयोजना गरियो। उक्त कार्यक्रममा पश्चिमका जिल्लापाल कर्मा आर बन्पो,शिक्षा विभागका अतिरिक्त निदेशक केसी ग्याछो, जिल्लाका विभिन्न विद्यालयका प्रतिनिधि र मेसर्स ग्राफिक्सका स्रोतवक्ताहरू उपस्थित थिए। जिल्लापाल बन्पोले कार्यशालालाई सम्बोधनमा गर्नुहुँजदै महामारीले राज्यको शिक्षा क्षेत्रलाई व्यापक क्षति पुऱ्याएको अवस्थामा भर्चुअल शिक्षा सुविधाले पुऱ्याएको सहयोग र त्यसका महत्वहरूमाथि प्रकाश पार्नुभयो। जिल्लापालले पश्चिम सिक्किमका प्राथमिकदेखि उच्च माध्यमिक विद्यालयसम्मका सबै शैक्षिक संस्थालाई चरणबद्ध ढङ्गमा ई- शैक्षिक कार्यक्रममा सम्मिलित गरिने र इन्टरनेट सेवा सुविधा निःशुल्क रूपमा प्रदान गर्ने कुरा बताउँनुभयो। उच्च माध्यमिक र माध्यमिक तहका स्कूलहरू कार्यक्रम पहिलो र दोस्रो चरणमा समावेश गरिने कुरा बताउँभयो। जिल्लापालले पश्चिम जिल्ला प्रशासनको चाँडै डिजिटल स्टुडियो स्थापना गर्ने योजना रहेको र स्टुडियोमार्फत् विद्यार्थीहरूका लागि शैक्षिक सामग्री प्रसारित जानकारी पनि उहाँले दिनुभयो। शिक्षा क्षेत्रमा विश्वमा उपल्बध टेक्नोलोजिकल सुविधाको ठूलो उपयोग गर्न विद्यालयका प्रमुख र शिक्षकहरूले निर्वाह गर्ने भूमिकामाथि पनि जिल्लापालले जोड़ दिनुभयो। यदि विद्यार्थीले अनलाइन क्लास, शैक्षिक सामग्री डाउनलेड गर्ने सुविधा र अन्य कुरा गर्नबाट चुके उनीहरूले पोर्टल प्रणालीमा पुनः अवलोकन गर्न सक्नछन्। शिक्षा क्षेत्रमा राज्य सरकारको प्रतिबद्धताका कारण नै राज्यमा शैक्षिक सुविधाको भर्चुअल सुविधा शुरू गर्न सकेका छौ। जिल्लामा डिजिटल शिक्षा अझ पनि प्रयोगात्मक चरणमा छ र कार्यक्रमका अभिवृद्धिले शिक्षक र विद्यार्थीले ज्ञान र अनुभव प्रदान गर्नेछ। यसरी नै कार्यक्रमलाई अन्य अतिथिहरूले पनि सम्बोधन गरेका थिए।

नाम्चीमा राष्ट्रिय खेल....




कला प्रस्तुत गर्ने खेलाड़ीहरूको प्रशंसा गर्नुभयो। मुख्यमन्त्रीले यस अवसरमा खेल क्षेत्रलाई लिएर सरकारी नोकरीमा नियुक्तिका लागि राज्यमा खेल कोटाको आरक्षणलाई २ प्रतिशतबाट बढ़ाएर ५ प्रतिशत गर्ने घोषणा गर्नुभयो। मुख्यमन्त्रीले फूटबल क्लब कल्चर शुरु गरिने अनि सरकारले ती क्लबहरुको वार्षिक रुपमा खेल प्रदर्शनलाई हेरेर क्बलबाई सम्मान गर्ने घोषणा पनि गर्नुभयो। राज्यमा खेल सम्बन्धी कार्यक्रमहरूको सहायताका लागि खेलसित सम्बन्धित संगठनहरूको लागि अनिवार्य कोष उपलब्ध गराउने पनि बताउनुभयो। यसै गरी राज्य सरकारद्वारा युवा खेल प्रतिभाको खोजीका लागि ट्यालेण्ट हण्ट कार्यक्रम शुरू गरिने मुख्यमन्त्रीले बताउनुभयो। खेल क्षेत्रलाई फराकिलो पार्न कोचहरूलाई नयाँ तक्नीकका साथ प्रशिक्षण प्रदान गर्ने योजना सरकारले शुरू गर्ने मुख्यमन्त्रीले घोषणा गर्नुभयो। राष्ट्रिय खेल दिवस कार्यक्रम गान्तोक अनि गेजिङमा वेबिनारको माध्यमद्वारा प्रशारित गरिएको थियो।

स्मरण रहोस्, देशका महान हकी खेलाडी स्व. मेजर ध्यानचन्दको जन्म जयन्तीको अवसरमा राष्ट्रिय खेल दिवस पालन गर्ने गरिन्छ। आजकै दिन १९०५ मा जन्मिएका ध्यानचन्दको प्रयासमा देशले तीनपल्ट ओलम्पिक स्वर्ण पदक प्राप्त गरेको थियो।

नाम्चीमा कृषि...

रोगीहरूलाई सहयोग पुऱ्याउनमा उपयोगी सिद्ध भएको बताउनुभयो। मुख्यमन्त्रीले भन्नुभयो, सिक्किमका रोगीहरू छिमेकी राज्यका सिलगढ़ी र अन्यन्त्र धाउन नपरेस् भन्ने उद्देश्य लिएर मासिक रूपमा प्रख्यात अस्पतालहरूबाट विशेषज्ञ र परामर्शदाताहरू राज्यका जिल्ला अस्पतालहरूमा ल्याउने व्यवस्था गरिरहेको बताउँनुभयो। यसका साथै जनताको हितको लागि मोबाईल भिलेज क्लिनिकहरू पनि शुरू गरिनेछ जसमा आवश्यक उपकरणहरूका साथै तालीमप्राप्त मेडिकल कर्मचारीहरू र अन्य आपतकालीन सेवाहरू समावेश गरिएको हुनेछ भन्नुभयो

कृषकमुखी ऋण मेलालाई कृषि विभाग मन्त्री लोकनाथ शर्माले पनि सम्बोन्धन गर्नुभयो। उहाँले क्रेडिट लोन मेलाको मुख्य उद्देश्य कृषकहरूको साथसाथै सिक्किम राज्यको आर्थिक स्थिति सुधार गर्ने रहेको बताउनुभयो। उहाँले सिक्किम राज्यको ७० प्रतिशत जनसंख्या कृषि क्षेत्रसित प्रत्यक्ष- अप्रत्यक्ष रूपमा संलग्न रहेको हुँदा यसद्वारा अर्थतन्त्रलाई सबल बनाउने अपेक्षा राख्नुभयो। राज्यको जीडीपीमा समान्तर वृद्धि ल्याउने उद्देश्यमा कृषि क्षेत्रको विकास गर्न आवश्यक रहेको कुरा मन्त्री शर्माले बताउँनुभयो। यसको निम्ति राज्य सरकारले ऋणमार्फत विकासतर्फ ध्यान दिएको पनि बताउनुभयो। सिक्किमका कृषकहरूलाई सिक्किम जैविक कृषि विकास निकायले जैविक कृषि प्रवर्द्धन गरी उनीहरूको आय दुईगुणा गर्नमा सहयोग पुऱ्याउने पनि मन्त्री शर्माले बताउनुभयो।

यस्तै गरी आरबीआई, गान्तोकका प्रभारी महाप्रबन्धक साङ्गी अनि नाबार्डका महाप्रबन्धक दीवाकर होडगेलल् पनि कार्यक्रमलाई सम्बोधन गर्नुभयो। कृषि विकासको निम्ति राज्य सरकारद्वारा शुरु गरिएको यसप्रकारको नवीन पहलको प्रशंसा दुवैले गर्नुभयो। आर्थिक सहयोग दिएर कृषकहरूको कृषि उत्पाद बढ़ाउनसकिने साथै बेरोजगार युवावर्गमा वित्तीय साक्षरता बढ्ने कुरा पनि बताए। जमा ९०० लाभार्थीहरूलाई सामाजिक दुरी कायम गर्दै ऋण प्रदान गरियो। तिनीहरूलाई सुँगुर पालन, दुध उत्पादन, मौरी पालन, कुखुरा पालन र अन्य कृषिगत अभ्यासका निम्ति ऋण उपलब्ध गराइएको हो।

# डाइटमा डीईआइईडी कोर्सको निम्ति अनलाइन भर्ना पोर्टलको शुभारम्भ

राज्य सरकारको शिक्षा विभागले पूर्वी, पश्चिम र दक्षिण जिल्लाका जिल्ला शिक्षा तथा प्रशिक्षण संस्थानहरूको २-वर्षीय डिप्लोमा इन एलिमेन्टरी एज्युकेशन (डी.ईआई.ईडी) कोर्समा भर्नाका लागि अनलाइन रजिष्ट्रेसन सुरु गरेको छ। सेप्टेम्बर ४ देखि २०२० देखि अनलाइन प्रवेश शुरु हुनेछ। उक्त कोर्सको निम्ति शिक्षा विभागका अतिरिक्त मुख्यसचिव जीपी उपाध्यले www.dietsikkim.in वेबसाइटको लोकार्पण गर्नुभयो।

उक्त अवसरमा निदेशक अनि एससीईआरटीका संयुक्त निर्देशक डा.रविन छेत्री अनि डा शान्तिराम अधिकारीको उपस्थितिमा रहेको थियो। उक्त कोर्षको निम्ति आवेदन लिन चाहने इच्छुक उम्मेद्वारले www.dietsikkim.in मा लगइन गरेर अनलाइन आवेदन गर्न सक्नेछ।

भर्ना प्रक्रियाको विवरण पुस्तिका पनि उक्त वेबसाइटमा उपलब्ध गरिएको छ र उम्मेद्वारले उक्त विवरण पुस्तिका वेबसाइटबाट डाउनलोड गर्न सकिनेछ।

अनलाइन फारम भर्ने क्रममा यदि कुनै समस्या देखा परे उम्मेद्वारहरूले ८७६८४४६८५९५९५९८ /३२३२७४७४६७६७८८१/ / ६४६४६४९९९९४४ ६। ((समय १० बिहान देखि ६बजेसम्म) मा सम्पर्क गरी सहायता लिन सकिनेछ।

सिक्किम सरकारको सूचना तथा जन-सम्पर्क विभागद्वारा प्रकाशित तथा सिक्किम सरकारी छापाखाना तादोङ गान्तोकमा मुद्रित। दूरभाषः २३११४०,२३११३२,२३११४२।
S.G.P.G - 371 / Nepali Herald 2500 Cps 04.09. 2020